फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

**FAO संगको सहकार्यमा Four Better Model Village स्थापना कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्वन्धिसूचना**

सूचना न. ३२/०८१/८२

सूचना प्रकाशन मिति २०८२/०२/२३

कृषि विकास कार्यालय काभ्रेको चालु आ.व२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **FAO संगको सहकार्यमा Four Better Model Village** स्थापना कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **FAO संगको सहकार्यमा Four Better Model Village स्थापना कार्यक्रम संचालन प्रक्रिया,** २०८१ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/कृषक समुह/कृषि सहकारीहरु तथा निजी फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र अर्थात् (मिति २०८२/०२/२९ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही वा आवेदक | कार्यक्रम संचालन हुने जिल्ला | सम्बन्धित स्वीकृत कार्यविधिको नाम | साझेदारी रकम |
|---|---|---|---|---|
| **FAO संगको सहकार्यमा Four Better Model Village स्थापना** कार्यक्रम | निजी कृषि फर्म/कृषक समुह /कृषि सहकारी/कृषि उद्यमी | मण्डन देउपुर नगरपालिका | **FAO संगको सहकार्यमा Four Better Model Village** स्थापना सञ्चालन प्रक्रिया, २०८१ | प्रति साझेदार अधिकतम रु. ५ लाख |

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग एक बर्षे बालीको हकमा कम्तीमा ५ वर्षका लागि र बहुबर्षे बाली उत्पादन तथा बहु बर्षे बालीको हकमा २० बर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि) ।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।

(६) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचयपत्रको प्रतिलिपि ।

2/23

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं